# कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७) मकवानपुर, मंसिर ०४ गते, २०८२ साल (संख्याः२

## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी (पहिलो शंशोधन) मापदण्ड, २०८२**

**प्रस्तावनाः** विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० ले दिएको अधिकार प्रयोग गरी कैलाश गाउँपालिकाले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम " विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी (पहिलो शंशोधन) मापदण्ड, २०८२" रहेको छ।

(२) यो कार्यविधि कैलाश गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० को दफा १७ मा संशोधनः**

विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० को दफा १७ मा देहाय संशोधन गरिएको छ ।

गाउँपालिकामा आइपर्ने विपद बाट प्रभावितहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ :

(क) **प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद जस्तैः भुकम्प, वाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु सर्पदशं, जनावर आतङ्क आदि बाट सामान्य क्षति तथा अङ्ग भङ्ग भएका र शारीरिस रूपमा घाईते भई उपचारत अवस्थामा रहेका व्यक्तिरपरिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

(ख) **आंशिक प्रभावित**

प्राकृतिक वा मानव सृर्जित विपद बाट प्रभावित भएकाहरु जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढी, पहिरोले खेतवारी सामान्य क्षति पु—र्याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

(ग) **अति प्रभावित**

प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित भई जन धनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, बसोबास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङग भङग भई जीविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

**३. विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० को दफा १८ मा संशोधनः**

विपद प्रभावित ब्यक्ति, परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०८० को दफा १८ मा देहाय संशोधन गरिएको छ ।

राहत वितरण व्यवस्थापन क्षेत्रः

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (क) वर्गीकरणमा परेकाहरुलाई ७ हजार देखी बढीमा १० हजार सम्म उपलब्ध गराउने,

ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार १० हजार देखी बढीमा २५ हजार सम्म उपलब्ध गराउने,

ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. १७ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलव्ध गराउने,

(अ) परिवारका सबै सदस्यहरु मृत्यु भएमा प्रति परिवार रु. २० हजार

(आ) परिवारका सदस्यहरू मृत्यु भएमा मृतकको सगोलको परिवारलाई रु. ५० हजार

(इ) घरवार विहिन भएका परिवार लाई प्रति परिवार रु. ३० हजार

(ई) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाय तथा गोठको क्षती भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सहयोग गर्ने रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १ | पशु गोठ नष्ट भएमा (प्रति गोठ) | रु. ५ हजार देखी २५ हजार |
| २ | कुखुराको खोर नष्ट भएमा (प्रति खोर) | रु. २ हजार देखी १० हजार |
| ३ | गाई, गोरु तथा रागाँ, भैसी (प्रति गोटा) | रु. ७ हजार |
| ४ | बोका, बाख्रा, भेडा, च्यांग्रा (प्रति गोटा) | रु. ५ हजार |
| ५ | हाँस, कुखुरा (प्रति गोटा) | रु. १५० |
| ६ | माछा पोखरी (प्रति पोखरी) | रु. ५ हजार |

प्रमाणिकरण मितिः २०८२ मंसिर ०४

आज्ञाले

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत